# जिल्ला विकास समितिको कार्यालय पाल्पा

## आन्तरिक लेखापरीक्षण प्रतिवेदन

**प्रतिवेदनको अवधि : मिति २०७०/०४/०१ देखि २०७१ असार मसान्त सम्म**

| | | |
|---|---|---|
| कार्यालय र स्थान : जिल्ला विकास समितिको कार्यालय पाल्पा<br>आर्थिक वर्ष : २०७०/०७१<br>खाता : **कोष तर्फ** | आम्दानी/खर्च/धरौटी | कार्यालय प्रमुख :दीर्घ वहादुर पाखरेल , भिमार्जुन पाण्डे<br>लेखा प्रमुख : श्यामसुन्दर मान श्रेष्ठ, खड्ग ब. जिसी, भुवन केसी<br>आन्तरिक लेखापरीक्षण शाखा प्रमुखको नामः यादव प्रसाद न्यौपाने |

| सि.नं | गो.भौ.नं. | मिति | आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्नुपर्ने रकम रू. | असुल गर्ने रकम रू. | पेश्की रकम रू. |
|---|---|---|---|---|---|---|
| बजेट शीर्षक **जि. वि. स. कोष चालु** | | | | | | |
| १ | | | चालु आ.व.मा यस शिर्षक वाट जम्मा रु. ६८०१०७२।०२ खर्च भएको देखिन्छ। | | | |
| | | | **प्रशासनिक खर्च सम्वन्धमा :**<br>स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ५५ मा स्थानीय स्वायत्त शासन ऐन २०५५ को उपदफा ७ को प्रयोजनको लागि जिल्ला विकास समितिले स्वीकृत वार्षिक बजेटको परीधी भित्र रही ऐन वमोजिम कर ,शुल्क, सेवाशुल्क, दस्तुर, र भाडावाट उठाएको कूल रकम को २५ लाख देखि ५० लाख सम्म आम्दानी हुने जि.वि.स.ले अधिकतम ४० प्रतिशत,५०लाख देखि १ करोड सम्म आम्दानी हुने जि.वि.स.ले ३० प्रतिशत र १करोड भन्दा वढी आम्दानी हुने जि.वि.स.ले २५ प्रतिशत भन्दा वढी प्रशासनिक कार्यको लागि खर्च गर्न पाइने छैन भनि उल्लेख छ. । तर यस जिल्ला विकास समितिले यस वर्षमा कर ,शुल्क, सेवाशुल्क, दस्तुर, र भाडावाट आम्दानी रु. १५३५६६७३।२५ गरेकोमा सोको २५ प्रतिशत ले रु. ३८३९१६८। सम्म प्रशासनिक खर्च गर्न मिल्नेमा रु.६५१७७३१। खर्च गरेको नियम भन्दा वढी खर्च गरेको नियम संगत मान्न सकिएन । आगामी दिनमा कार्यालयले प्रशासनिक खर्चमा मितव्ययीता ल्याउने कार्यमा पहल गर्नुपर्ने देखिन्छ। | २६७७५६३। | | |
| २ | | | भौ.नं. ३७६ वाट रु.१७०००। भौ.नं.३७७ वाट ३३०००, भौ.नं. ३७८ वाट १२४५३०। विगतको पे.फ.गरिएको प्रमाण संलग्न गर्नुपर्ने देखियो। | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | | चालु आ.व.को अन्त्यमा निम्न पेश्की फर्छ्यौट गर्नुपर्ने रु.<br>क) खरिदार सरिता ज्ञवाली रु.२०००। | | | २०००। |
| बजेट शीर्षक **जि. वि. स. कोष पुजि** | | | | | | |
| १ | | | चालु आ.व.मा यस शिर्षक वाट जम्मा रु.१४१७४८८२।१७ खर्च भएको देखिन्छ । | | | |
| २ | | | वहखोला कल्भर्ट निर्माण उ.स.रामपुरलाई योजनाको कुल मूल्यांकन रु. २३२९८४४।८५ को न्यूनतम ५ प्रतिशत श्रमदान ११६४९२।२४ कटाई रु.२२१३३५२।६१ भुक्तानी गर्नुपर्नेमा स्थानीय यातायात तथा पूवाधर विकास उपशिर्षकवाट रु. १६८००००। र यस भौचरवाट रु. ६४४८३२। गरि जम्मा २३२४८३२। खर्च लेखिएकोले रु १११४७९।३९ वरावरको थप श्रमदान गर्न लगाउनुपर्ने देखियो। | | | |
| ३ | | | यस कार्यालयले विभिन्न संघ संस्थालाई अनुदान भनि रकम भुक्तानी गरिएकोमा सो कार्यहरु भए नभएको प्रगति प्रतिवेदन माग गरि संलग्न गर्नुपर्ने देखिन्छ । | | | |
| ४ | | | चालु आ.व.को अन्त्यमा निम्न पेश्की फर्छ्यौट गर्नुपर्ने रु.<br>क) हरी शर्मा ७००००।<br>ख) राम प्रसाद पाण्डे १७५०००।<br>ग) गै.स.स. महासंघ ३००००।<br>घ) जिल्ला सहकारी संघ ४००००।<br>ङ) अपाङ्ग सहायता स्रोत १५०००। | | | ३३००००। |
| | बजेट शीर्षक **कन्टीन्जेन्सी खाता** | | | | | |
| १ | | | चालु आ.व.मा यस शिर्षक वाट जम्मा रु. ४७८५७०३। खर्च भएको देखिन्छ । | | | |
| २ | | | आयोजना व्यवस्थापन खर्च सेवा ( कन्टेन्जेन्सी ) खर्च गर्दा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ (२४) वमोजिम जिल्ला परिषद्वाट स्वीकृत गराई तोकिएका क्षेत्रहरुमा खर्च गर्नुपर्नेमा सो वमोजिम भएको देखिएन।<br>कन्टिन्जेन्सी खर्च सम्बन्धित आयोजनाको नापी कितावमा अभिलेख गरि आयोजनाको कुल खर्चमा समावेश गर्नुपर्नेमा सो नगरि खर्च गरेको देखिएकोले आयोजनाको कुल खर्च नापी कितावमा अभिलेख रहने देखिएन । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बजेट शीर्षक : **आन्तरिक आय** | | | | | | |
| १ | | | स्थानीय निकाय आ.प्र नियमावली २०६४ को नियम ४१ अनुसार जिल्ला विकास समितिले प्राप्त गर्ने रकम रसीद काटेर लिने र सो रकम भोलिपल्ट सम्म वैंक जम्मा गर्न सुझाव छ ।<br>रसिद प्रयोग गर्दा ठेली नं. राख्ने, दैनिक आम्दानी खाता को वैक जम्मा र गोश्वारा भौचर संग मेल खानेगरि व्यवस्थित अभिलेख वनाउनु पर्ने । | | | |
| बजेट शीर्षक : **राजश्व वाँडफाँड** | | | | | | |
| १ | | | यस आ.व.मा अल्या १५१९४०४१।१९ , मालपोत कार्यालयवाट रु.८२४२१४२।४०, विद्युत रोयल्टी वाट रु.१९००००००। , खानी तथा अन्यवाट रु. ६१४५५१। गरि जम्मा आम्दानी रु.४३०५०७३४।५९ भएकोमा विद्युत रोयल्टी खातामा र पुंजिगत खातामा जम्मा ट्रान्सफर रु.३९९९५०४१।८८ भएको र रु.३०५५६९२।७१ वाँकी देखिन्छ । | | | |
| बजेट शीर्षक : **धरौटी खाता** | | | | | | |
| १ | | | यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ ।<br>गत वर्षको जिम्मेवारी ९२५९५३७६१<br>यस वर्षको जम्मा ४४६४७७१।५०<br>फिर्ता ४७६१५९७४७<br>वाँकी रु. ८९६२७११।६४ | | | |
| बजेट शीर्षक : **पर्यटन पुरातत्व संघियमामिला** | | | | | | |
| १ | | | यस अवधीमा कुल खर्च रु. ३८६१७२५। भएको देखिन्छ । | | | |
| २ | | | यस आ.व.को अन्त्यमा निम्नानुसारको पेश्की वाँकी फछ्र्यौट गर्नुपर्ने देखिएको रु.<br>क) विन्द्रवासिनी मन्दिर ६००००।<br>ख) गुम्वा व्यवस्थापन विभाग ६५०००।<br>ग) शिव मन्दिर सुकेताल ३००००।<br>घ) भगवती मन्दिर मर्मत संभार १५००००। | | | ३०५०००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बजेट शीर्षक : **विद्युत उर्जा तथा वातावरण एकाइ** | | | | | | |
| १ | | | यस खातावाट यस आ.व.मा ६४४२५०८।२० खर्च भएको देखिन्छ। | | | |
| २ | | | यस आ.व.को अन्त्यमा निम्नानुसारको पेश्की वाँकी फछ्र्यौट गर्नुपर्ने देखिएको रु.<br>क) ग्रामिण आर्थिक विकास संघ रु.४१००००।<br>ख) वौधी खोला लघु विद्युत रु.२६३८१५।२० | | | ६७३८१५।२० |
| बजेट शीर्षक : **भारतीय दुतावास सहयोग** | | | | | | |
| १ | | | **रम्भा उ.मा.वि.ताहुँ**<br>यस आ.व.को कुल खर्च रु. ७४०८१। भएको र वाँकी रु.४०९५५६४।८७ देखिन्छ | | | |
| १ | | | **नव आदर्श वहुमुखि क्याम्पस देउराली**<br>यस आ.व.को कुल खर्च रु. १२४६४९४१।९६ भएकोमा कोष पुजिगत खातामा सापटी फिर्ता गर्न वाँकी ८५०००००। तथा वैक वाँकी रु.५११६६।९५ देखिन्छ। | | | |
| १ | | | **भवानी उ.मा.वि.कुसुमखोला**<br>यस आ.व.को कुल खर्च रु. १७१३१५०।३५, तथा जिविस कोष सापटी फिर्ता गर्न वाकी ११०१००। देखिन्छ। | | | |
| २ | १७ | | भवानी मा.वि.कुसुमखोलालाई रु.१२९१०३८। भुक्तानी गर्दा प्राविधिक मुल्यांकन रु.१२८४५२७।५० भन्दा वढी खर्च गरेको देखिएको रु.६५१०।५० मा मु.अ.कर समायोजन गर्न वाकी रहेको कार्यालयको जवाफ प्राप्त | | | |
| बजेट शीर्षक : **विषेश कोष खाताहरु** | | | | | | |
| | | | **कर्मचारी कल्याण कोष खाता** | | | |
| १ | | | यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ।<br>अल्या ६६३११२।०२<br>निकासा तथा सावा फिर्ता १५५५०००।<br>व्याज प्राप्त रु. १२३१२५।६७ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खर्च ( लगानी) ११५००००।<br>वाँकी खातामा रु. ११९१२३७६९<br>विभिन्न कर्मचारीमा लगानीमा रहेको रु.२८१६०००।<br>यस खातामा रहेको ठूलो रकम कर्मचारीमा लगानीमा रहेको देखिन्छ । कर्मचारीवाट साँवा फिर्ता मासिक २ हजार देखि ४ चारहजार देखिएकोमा लामो अवधी सम्म सावाँ फिर्ता गर्न लाग्ने भएकोले मासिक जम्मा गर्ने दर वढाउनुपर्ने देखिन्छ । | | | |
| | | | **सावधिक जीवन विमा** | | | |
| १ | | | यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ ।<br>अल्या ६४३५५२।<br>आम्दानी ९४०००।<br>खर्च रु ००।००<br>वाँकी रु.७३७५५२ । | | | |
| १<br><br><br><br><br><br><br>२<br><br>३ | | | **जिल्ला सडक मर्मत संभार कोष :**<br>यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ ।<br>अल्या २७३५२१६।३३<br>आम्दानी १३२३१४७।<br>खर्च रु ३१११४८८।७५<br>वाँकी रु.९४६८७४।५८<br>तोकिएका सडक मर्मत गर्न गा.वि.स.र न.पा.मा निकासा दिएकोमा सो निकासा को प्रगति लिने तथा सो कार्यको अनुगमन समेत भएको पाइएन ।<br>सडक मर्मत को लागि व्यवस्था गरिएको खातावाट ग्यारेज निर्माण तथा गाडी मर्मत खर्च भुक्तानी भएकोमा सो खर्च नियमसंगत देखिदैन । | | | |
| | | | **प्रकोप व्यवस्थापन कोष :** | | | |
| १ | | | यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अल्या १६२५८० ।<br>आम्दानी ४०००००।<br>खर्च रु ३८१०८७।<br>वाँकी रु. १८१४९३। | | | |
| २ | | | चालु आ.व.को अन्त्यमा निम्न पेश्की फर्छ्यौट गर्नुपर्ने रुं<br>सा.प.कमला जिसी रु.५००००। | | | ५००००। |
| १ | | | **मानव संसाधन कोष :**<br>यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ ।<br>अल्या ७०६०११।२०<br>आम्दानी ४०००००।<br>खर्च रु ६३६८९०।<br>वाँकी रु. ४६९१२१।२० | | | |
| २ | | | यस आ.व.को अन्तमा निम्नानुसारको पेश्की फर्छ्यौट गर्न वाँकी रहेको देखिन्छ ।<br>क) का.अ.विनोद नेपाल रु. ५००००।<br>ख) ना.सु. राम प्रसाद पाण्डे रु. ४२१०००। | | | ४७१०००। |
| १ | | | **गरीवी निवारण तथा सामाजिक परिचालन कोष :**<br>यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ ।<br>अल्या १५३७५०।<br>आम्दानी १४०००००।<br>खर्च रु १००००००।<br>वाँकी रु. ५५३७५०। | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | **जिल्ला वातावण कोष :** | | | |
| १ | | | यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ ।<br>अल्या ८३८५०।<br>आम्दानी ५७६०००।<br>खर्च रु २३००५।<br>वाँकी रु.. ६३६८४५। | | | |
| | | | **महिला तथा वाल विकास कोष :** | | | |
| १ | | | यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ ।<br>अल्या १११८२८३।<br>आम्दानी ७३८०००।<br>खर्च रु १६६८६५०।<br>वाँकी रु.१८७६३३। | | | |
| २ | | | यस आ.व.को अन्तमा निम्नानुसारको पेश्की फर्छ्यौट गर्न वाँकी रहेको देखिन्छ ।<br>क) जिल्ला वाल कल्याण समिति | | | २५०००। |
| | | | **डोजर मर्मत कोष** | | | |
| १ | | | यस खातामा यस आ.व.मा निम्न अनुसारको विवरण देखिन्छ ।<br>अल्या ३१६६७०।<br>आम्दानी १०००००।<br>खर्च रु ००।००<br>वाँकी रु. ४१६६७०। | | | |

**निम्न खाताहरुको उल्लेख्य विवरण नदेखिएको :** सडक वोर्ड नेपाल, झो पु म्याचिङ्ग

**१) सार्वजनिक खरिद सम्वन्धमा :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ३ अनुसार सार्वजनिक निकायले खरिद गर्दा यस ऐन वमोजिमको कार्यविधि पुरा गरी खरिद गर्नुपर्ने छ र यसको प्रतिकुल गरि खरिद गरिएकोमा बदर तथा अमान्य हुने व्यवस्था गरेको छ । खरिद ऐनको दफा ७ (३) मा सार्वजनिक निकायले खरिद एकाइ स्थापना गर्नुपर्ने वा सोको जिम्मेवारी तोक्नुपर्ने व्यवस्था छ । यस कार्यालयले खरिद एकाई गठन गरेको छ सो एकाइले सार्वजनिक खरिद ऐन वमोजिमको कार्य गर्नुपर्ने देखिन्छ ।

आर्थिक व्यवस्थापनको महत्वपूर्ण औजार खरिद योजना हो । यसले सरकारी खर्चमा मितव्ययिता र प्रभाकारीता ल्याउन पनि सहयोग पुऱ्याउछ । कार्यालयले निर्माण कार्यको खरिद योजना तयार गरेता पनि वस्तु तथा सेवा खरिदको समेत वार्षिक खरिद योजना तयार गरी सोको कार्यतालिका वमोजिम खरिद गर्ने कार्यतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ७१ (१) मा स्थानीय निकायले खरिद गर्दा स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्नेमा कार्यालयले कतिपय रु. ५०००। भन्दा माथिका मालसामान खरिदमा मू.अ.कर दर्ता पसलवाट खरिद गरेको देखिएन । उपभोक्ता समितिका खरिदमा पनि मू.अ.कर विजक अनिवार्य प्रयोग गर्न लगाउनुपर्ने देखिन्छ । साथै आ.व.भरि भुक्तानी भएका मू.अ.कर को आन्तरिक राजश्व कार्यालयमा जानकारी दिनुपर्नेमा सो भएको नपाइएकोले अनिवार्य जानकारी दिन सुझाव छ ।

**२) वजेट विनियोजन, लक्षित वजेट :**

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ८ वमोजिम कुल पुजिगत अनुदानको रकमवाट समपुरक कोषमा रकम विनियोजित गरि वाँकी रकमको ३५ प्रतिशत अनिवार्य रुपमा लक्षित क्षेत्रको लागि अनुसुची ३ वमोजिमका कार्यक्रम छनौट तथा कार्यावयन गनुपर्ने देखियो ।

**३) उपभोक्ता समिति सम्वन्धमा :**

स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम १५५ अनुसार स्थानीय स्तरमा संचालन हुने आयोजना मध्ये पैतिसलाख रुपैया सम्मका लागत अनुमानका कार्यक्रम स्थानीय उपभोक्ता समूहद्धारा गठीत उपभोक्ता समितिद्धारा गराउन प्राथमिकता दिनुपर्ने तथा यसको लागि स्थानीय निकायले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गीकरण र सूचिकृत गरी लगत अद्यावधिक राख्नु पर्नेमा यस कार्यालयले सो लगत राख्ने गरको पाइएन ।

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९को दफा २५(१२)अनुसार उपभोक्ता समितिका अध्यक्ष सचिव कोषाध्यक्षलाई सामुहिक रुपमा उपभोक्ता समितिको काम कर्तव्य अधिकार लगायतका विषयहरुमा अनुशिक्षण गर्नुपर्नेमा सो भएको पाइएन ।

उपभोक्ता समितिवाट काम गराउदा वढी स्थानीय श्रमको प्रयोग गर्नुपर्नेमा सडक मर्मत विस्तार कार्यमा डोजर प्रयोग हुने गरेको देखियो । उपभोक्ता समितिवाट पेश भएका विल भर्पाइ हेर्दा डोजर प्रयोग गर्दा डोजरको भाडामा कर कम गर्नकोलागि अपरेटर ज्याला,तेलको विल , खाना खर्च राखि वहालकर कम दाखिला गर्ने प्रयास गरेको देखियो । आगामी दिनमा मेसिनरी प्रयोगलाई निरुत्साहित गर्न र राजश्व असुलीलाई ध्यान दिनुपर्ने देखिन्छ ।

सोही कार्यविधिको दफा २५(१) मा उपभोक्ता समितिको आकार ७ देखि ११ जना सम्मको हुनपर्नेमा जि.वि.स.ले १३ जनाको गठित उपभोक्ता समिति संग समेत संझौता गरेको पाइयो ( ग्रामिण खानेपानी कार्यक्रम भौनं. ३७ चापपानी खापा.उ.सत्यवती १३ जना ) ।

**४) सवारी लगवुक को प्रयोग** :

स्थानीय निकाय आ.प्र. नियमावली २०६४ वमोजिम इन्धनको भुक्तानी गर्दा अनुसुचि ४५ वमोजिमको सवारी लगवुकमा अभिलेख जनाई खर्च गर्नुपर्नेमा सवारी लगवुकमा अभिलेख नराखि समेत भुक्तानी गर्ने गरेको देखियो ।

**५) अनुगमन मूल्यांकन सम्वन्धमा** :

_स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३३(३) अनुसार गठन हुने जिल्ला सुपरीवेक्षण तथा अनुगमन समितिले आयोजनाहरुको कार्यतालिका वनाई सोको आधारमा नियमित अनुगमन गरि चौमासिक रुपमा जिल्ला विकास समितिमा प्रतिवेदन पेश गर्नुपर्नेमा वार्षिक रुपमा केही योजनाको अनुगमन गरेको देखिएकोले अनगमनलाइ अझ प्रभावकारी वनाउनुपर्ने देखिन्छ ।

**६) श्रेस्ताको ढाँचा :**

स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ६० मा जिल्ला विकास समितिले राख्नुपर्ने श्रेस्ताको ढाँचा ७४ वटा अनुसुची छन् । कार्यालयले यी अनुसूचिको प्रयोगलाई ध्यानदिनु पर्ने देखिन्छ । प्राविधिक फारमहरु स्थानीय निकाय आ.प्र.नियमावली २०६४ को अनुसुचिको ढाँचामा राख्न ,विवरणहरुमा सम्भव भएसम्म नेपाली भाषाको प्रयोग गर्नुपर्ने देखिन्छ ।

**७) तालिम गोष्ठीको भुक्तानी सम्वन्धमा :**

स्थानीय निकाय आफै संचालन गरेको वा उपभोक्ता समिति,गै.स.स. लगायत अन्य सामाजिक संघ संस्था मार्फत संचालन गरिने तालिम गोष्ठी,सेमिनार,अभिमुखिकरण कार्यक्रम संचालन गर्ने स्वीकृत मापदण्ड अनुसारको प्रस्तावना पत्र स्वीकृत गरि सोही वमोजिम भए नभएको चेक जाँच गरि, कार्यक्रमको कार्यतालिका,प्रस्तुत कार्यपत्रको प्रतिलिपी, कार्यक्रमको मिति र स्थान ,सहभागिको उपस्थिती , प्रतिवेदन र कार्यक्रम संचालन गर्दाका तस्वीरहरु सक्कल प्रमाणित विल भरपाई तथा खर्च सार्वजनिक प्रतिवेदन समेतको आधारमा मात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।

**८) नापी किताव सम्वन्धमा :**

क्रमगत रुपमा संचालन हुने योजनाहरुमा हरेक वर्ष एउटै नापी किताव वनाई सो सकिएपछि क्रम संख्या राखि अर्को प्रयोग गर्ने र यो योजना सम्वन्धी खर्चहरु सो कितावमा अभिलेख गरेमा तथा चेनेज खुलाई नापी राखेमा योजनामा लाग्ने कुल खर्च थाह हुने तथा दोहोरा भुक्तानी नियन्त्रण गर्न सकिनेमा कार्यालयले वर्षै पिच्छे फरक फरक नापी किताव प्रयोग गर्ने गरेको तथा नापि किताव नियन्त्रण खाताको प्रयोग नगरेको पाइयो ।

**९)जिन्सी व्यवस्थापन सम्वन्धमा :** यस आ.व.मा मिति २०७० ।४।२४ मा जिन्सी निरीक्षण शाखा अधिकृत टुकराज पाण्डेवाट भएको देखियो र सो प्रतिवेदनमा औल्याइएका लिलाम, मिन्हा व्यहोरा सम्वन्धमा कार्यालयले कार्यान्वयन गरेको देखियो ।

**१०) खर्चको भुक्तानी र चेकजाँच :**

स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ४६(६) अनुसार भुक्तानी दिन अगाडी आ.प्र. शाखा प्रमुखले रीत पुगे नपुगको जाँच गरेर रसिद भर्पाइमा सिलसिलेवार नम्वर राखि भुक्तानी भएको जनाई दस्तखत गरि प्रमाणित गर्नु पर्नेमा सो भएको पाइएन । कार्यालयले विभिन्न खर्च हरुको भुक्तानी गर्दा सो विलको पछाडी खर्च गरेको प्रयोजन खुलाई दस्तखत गनुपर्ने तथा विल प्रमाणित गरि भुक्तानी गर्नुपर्ने देखियो ।